ADCCN ई-बुलेटिन
Association of District Coordination Committees of Nepal
जिल्ला समन्वय समिति महासंघ नेपाल
e - Bulletin
Vol. 1 [Issue – III] (जिल्ला समन्वय समिति महासंघ नेपालको ई-बुलेटिन) E-bulletin, 2018 July-August (२०७५ साउन)

# प्रदेश नं. ३ का मूख्यमन्त्री र अर्थमन्त्रीसंग भेट



जिल्ला समन्वय समिति महासंघ नेपालका पदाधिकारी केन्द्रिय अध्यक्ष, उपाध्यक्ष, प्रवक्ता, महासचिव लगायत केन्द्रीय सदस्यहरुले प्रदेश नं ३ का मुख्य मन्त्री श्री डोरमणी पौडेल, अर्थ मन्त्री श्री कैलाश ढुङ्गेल, प्रमुख सचिव रेश्मीराज पाण्डे र अर्थ सचिव रमेश सिवाकोटीसंग संयुक्त भेटगरी जिल्ला समन्वय समिति महासंघ नेपालको तर्फबाट जिल्ला समन्वय समितिहरुको संविधान प्रदत्त काम, कर्तव्य र अधिकार परिचालन गर्न आवश्यक निती निर्देशक, कार्यक्रम तथा बजेटको व्यवस्था नभएकोले अविलम्ब बजेट तथा कामको जिम्मेवारी दिन माग गऱ्यो ।

भेटमा जि.स.स.ले प्रदेशको प्रमुख अङ्गकारुपमा स्थानीयतहको सरकारहरुसंग सहकार्य, समन्वय गरी विकासलाई गतिशिलता दिन सक्नेतथा प्रभावकारी अनुगमन तथा नियमनको भूमिका खेल्न सक्ने भएकाले विज्ञ सहितको जनशक्ति र सो का लागि आवश्यक बजेट विनियोजन गर्न माग गर्नुका साथै पदाधिकारी र सदस्यको सेवा सुविधा तथा मर्यादाक्रम नमिल्दा स्थानीय तहमा निर्वाचित जनप्रतिनिधिको मानमर्दन भएको, उत्साह नभएको तर्फ ध्यानाकर्षण गराएको थियो ।

प्रस्तुत माग-पत्रका बारेमा मूख्य मन्त्रीले आफू सकारातमक भएको र प्रक्रिया पुराएर प्रदेशलाई प्राप्त हुने स्रोत साधनको परिचालन गर्दा जि.स.स.को भूमिकालाई पनि एकिकृत गरेर जाने प्रतिबद्धता गर्नु भएको थियो । यस भेट पछि महासंघ प्रतिर्निधिहरु हौसिएको अवस्थामा फर्कनु भएको थियो ।

**जिल्ला समन्वय समिति महासंघको तर्फवाट प्रदेश सरकारसंग माग भएका विषयहरु :**

- स्थानीय सरकार संचालन ऐनको परिच्छेद १२ मा उल्लेख भएका जिल्ला सभा सम्बन्धि व्यवस्थाको दफा ९२ (१ ट) को प्रावधान अनुसार प्रदेश भित्रको अनुगमन, समन्वयको कार्य लाई प्रभावकारी बनाउन र जिल्ला समन्वय समितिको क्रियाशिलताका लागि प्रदेशको अभिन्न अंगभई कार्यगर्ने गरि तोक्नु पर्ने र सो कार्यका लागि आवश्यक बजेट विनियोजन गर्नु पर्ने ।
- प्रदेशले जिल्लास्तरको समन्वय र संम्पर्क विन्दु जिल्ला समन्वय समितिहरुलाई तोकि जिल्लास्तर वा प्रदेशस्तरमा कामगर्ने स्वीकृति पाएका राष्ट्रिय तथा अन्तरराष्ट्रिय गैरसरकारी संस्थाहरुलाई स्थानीयतहसंग सहकार्य र सहयोगका क्षेत्र पहिचान तथा परिचालनमा सहजिकरण, समन्वय तथा नियमनगर्ने जिम्वेवारी दिनु पर्ने ।



- नेपाल सरकार समेत प्रतिबद्ध रहेको दिगो विकासका लक्ष्य २०३० हासिल गर्ने संयुक्त राष्ट्संघको आव्हान अनुसार नेपाल सरकारले तय गरेका लक्ष्य र कार्यनिति अनुसार कार्यान्वयनका लागि राष्ट्यि योजना आयोगको जिल्लास्तरको सम्पर्क विन्दुका रुपमा रहि दिगो विकासका लक्ष्य हासिलगर्न आवश्यक स्थानीय रणनीतिहरुको निमार्ण गरी सबै सरोकारवालालाई समन्वय र परिचालनगर्ने जिम्वेवारी जिल्ला समन्वय समितिहरु लाई तोक्नुका साथै जिल्ला समन्वय समिति महासंघ प्रदेश समितिहरु मार्फत आवश्यक क्षमता अभिबृद्धिका कार्यगर्न क्षमता विकासको खाका र आवश्यक बजेट व्यवस्था मिलाई संघियता कार्यान्वयनमा आवश्यक पूर्वाधार भएका संरचनाहरुको क्रियाशिलतालाई महत्व दिने नीतिगत प्रबन्ध मिलाउनु पर्ने ।

- जिल्ला सभा कोषको स्थापना र संचालनका लागि जिल्ला समन्वय समितिहरुलाई आवश्यक कार्यविधि सहितको कोष संचालन आदेश र श्रोत विनियोजन हुनुपर्ने ।

- सवारी संचालनको लागि दिईने गरेको सवारी संचालन अनुमति पत्र (Road permit) साविक सरह जिल्ला समन्वय समितिले दिने व्यवस्था गर्दा सरल हुने भएकाले यो अधिकार दिने आदेश हुन समेत ।

- जिल्लास्तरका विविध सूचना तथा तथ्यांक संकलन तथा सम्प्रेषणको जिम्मेवारी जि.स.स.लाई दिने र समन्वय समितिमा जिल्ला सूचना तथा अभिलेषकेन्द्र स्थापना गर्न वजेट व्यवस्था हुनुपर्ने ।

# प्रदेश नं. ३ अन्तरगत महासंघको दोस्रो बैठक

२०७५ साउन १८ गते मकवानपुर, प्रदेश नं. ३ मा जिल्ला समन्वय समिति महासंघ नेपालको दोस्रो बैठक सम्पन्न भयो । उक्त बैठकमा जि.स.स. महासंघ नेपाल प्रदेश नं. ३ का अध्यक्ष एवं जि.स.स. मकवानपुरका प्रमुख श्री रघुनाथ खुलालको अध्यक्षता र महासंघका केन्द्रिय अध्यक्ष श्री सीता कुमारी सुन्दासको विशेष आतित्थ्यतामा जि.स.स. मकवानपुर, स्याङ्गजा, नुवाकोट, भक्तपुर, काठमाडौं, ललितपुर, दोलखा, चितवन, सिन्धुली, रामेछाप, सिन्धुपाल्चोक, काभ्रेपलाञ्चोल, रसुवा, धादिङ्गका प्रमुखहरु तथा महासंघका प्रदेश नं. ३ का केन्द्रिय सदस्यहरु तथा महासचिवको उपस्थिति थियो । बैठकमा केन्द्र र प्रदेश नं. ३ अघिल्लो बैठकबाट हालसममको अवधिमा महासंघले गरेका कामहरुको समिक्षा तथा आगामी दिनमा योजना कार्यक्रम तय गर्ने सम्बन्धमा भएगरेका कार्यहरुकाबारेमा बैठकलाई जानकारी गराइयो । संघ तथा प्रदेश सरकारले लिएको निर्णय जि.स.स.लाई पारेको प्रभाव, आगामी योजनाको सम्बन्धमा व्यापक छलफल भयो । उक्त छलफलद्वारा आगामी दिनमा गर्नु पर्ने निम्नानुसारका कामका बारेमा निर्णय गरियो ।

**निर्णयहरु :**

- देशको सातवटै प्रदेशका जिल्ला समन्वय समितिका पदाधिकारी एवं सदस्यहरुले निर्वाह गर्ने भूमिका काम, कर्तव्य र अधिकारहरु संविधानमै उल्लेख भएकाले एकरुपता छ । त्यसै अनुरुप पदाधिकारी तथा सदस्यहरुको सेवा सुविधासमेत प्रदेशहरुमा एकरुपता हुनु आवश्यक छ ।

- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को धारा ९३ मा प्रदेश सरकारले जिससलाई बजेट विनियोजन गर्नु पर्ने व्यवस्था छ तर यस आ.व.मा बजेट विनियोजन नभएको कारण जिससहरुको प्रशासनीक तथा संविधानले तोकिएको कार्य सम्पादन गर्न कठिनाई पर्ने भएको हुँदा सिघ्र रकम निकासाका लागि प्रदेश सरकार समक्ष अनुरोध गर्ने ।

- संघीय सरकारको कानून मन्त्रालयले जिससको काम, कर्तव्य र अधिकारहरुको स्पष्ट व्यवस्था सहितको मस्यौदा विधेयक तयार गरी नमूनाको रुपमा पठाइसकेको तर हाल





सम्म प्रदेश सभाले पारित नगरेको हुँदा यथासिघ्र पारित गराउन पहल गर्ने ।

- जिसस उप-प्रमुख लगायत सदस्यहरुको मर्यादाक्रम तोक्न संघीय सरकारका सम्बन्धित निकायहरुमा ध्यानाकर्षण गराइएकोमा हाल सम्म ठोस निर्णय नभएकाले त्यस तर्फ महासंघले विशेष पहल गर्ने ।
- जिससहरुलाई संविधानमा उल्लेख गरिए अनुसारको भूमिकाहरु सम्पादन गर्न आवश्यक पर्ने दरवन्दी अत्यन्त न्यून भएको कारण सहज र प्रभावकारी ढंगबाट उल्लेखित भूमिकाहरु निर्वाह गर्न कठिनाई परेको हुँदा जिससहरुमा एकरुपता हुने गरी न्यूनतम दरवन्दी कायम हुन माग गर्ने । यसका लागि सात दिन भित्र आवश्यक सुझाव सबै जिससहरुले पठाउने ।
- अनुगमन कार्यलाई अझ बढी प्रभावकारी बनाउनका लागि अनुगमन निर्देशिका जारीगर्न प्रदेश सरकारलाई आग्रह गर्ने ।
- जिसस महासंघ नेपालको आगामी भाद्र महिनामा हुने राष्ट्रिय भेलामा केन्द्रको निर्देशन अनुसार सहभागीता जनाउने निर्णय गरियो ।

# जि.स.स. भक्तपुरको दोस्रो जिल्ला सभा सम्पन्न

२०७५ साउन २५ गते, माननीय संघिय मामिला तथा सामान्य प्रशासन मन्त्री लालबाबू पण्डितज्युको प्रमुख आतिथ्यतामा भक्तपुर जिल्ला समन्वय समितिको प्रमुख नवराज गेलालज्युको सभापतित्वमा विभिन्न आकर्षक कार्यक्रमका साथ माननीय महेश वस्नेत, प्रदेश सभासद शशीजङ्ग थापा र डा. राजेन्द्रमान श्रेष्ठ, जिसस महासंघ नेपालका उपाध्यक्ष तथा जिसस नुवाकोटका प्रमुख तथा काठमाडौं, ललितपुर, काभ्रे, जिल्ला समन्वय समितिका प्रमुखहरु, चाँगुनारायण, सुर्यविनायक, मध्यपुरका नगर प्रमुखहरु, प्रमुख जिल्ला आधिकारी नारायण प्रसाद भट्ट, भक्तपुर प्रहरी, ससस्त्र, नेपाली सेना, प्राकृतिक स्रोत तथा वित्तिय आयोगका सहसचिव, नगरविकास प्राधिकरण प्रमुख लगायत विशिष्ठ



व्यक्तिहरुको समुपस्थितिका वीच भव्यतापुर्वक सम्पन्न भएको थियो ।

उक्त सभामा सांसद महेश वस्नेतले विकासको विरोध गरी सस्तो राजनीति नगर्न आग्रह गर्दै कामको सम्मान गर्न नसक्नेले विकासको विरोध नगर्न आग्रह गरेका छन् ।

भक्तपुर जिल्ला समन्वय समितिले राज्यले दिएको अधिकार भन्दा धेरै ठूलो भिजन दिएको बताउँदै समन्वय समितिलाई अधिकार सम्पन्न, प्रभावकारी, स्रोतसाधनले भरिपूर्ण वनाउनु पर्ने धारणा व्यक्त गरे । ठुला ठुला विकासका कार्य गर्न समन्वय समितिको मुख्य भुमिका रहने भन्दै मनोहरा प्लाानिङ्गमा काठमाडौं महानगरपालिकाले बढी वर्चश्व जमाउन खोजेको कारणले गर्दा त्यसको असर मध्यपुर ठिमी नगरपालिकाका जनतालाई परेका कारण काममा ढिलाई भएकोले जि.स.स.को समन्वय आवश्यक परेको बताए ।

स्थानीय तहमा कर्मचारीलाई जवरजस्ती पठाउनु पर्ने वाध्यता रहेको भन्दै सरकारले कर र राजस्व बाँडफाँडका विषयमा काम गर्न ढिलाई भइरहेको बताए । अरनिका राजमार्गलाई उज्यालो, सुरक्षित तथा सफा राजमार्ग बनाउन जि.स.स.को भुमिका मुख्य रहने



## विकासनिर्माणमा ध्यान दिन आग्रह

गोरखापत्र समाचारदाता

भक्तपुर, साउन २५ गते । सङ्घीय मामिला तथा सामान्य प्रशासनमन्त्री लालबाबु पण्डितले जनप्रतिनिधिहरू त्याग, तपस्या र समर्पणको प्रतिमूर्ति बन्नुपर्ने बताउनुभएको छ । जिल्ला समन्वय समिति भक्तपुरको दोस्रो जिल्ला सभाको शुक्रबार उद्घाटन गर्दै उहाँले एकपटक जनप्रतिनिधिमाथि कालो दाग लाग्यो भने त्यो मेटिन धेरै कठिन हुने बताउनुभयो । जनप्रतिनिधिले सेवा सुविधाभन्दा पनि विकासनिर्माणमा विशेष ध्यान दिनुपर्ने चर्चा गर्दै मन्त्री पण्डितले भन्नुभयो, "स्थानीय सेवाग्राहीले कर तिर्न सक्ने भएपछि मात्र करको दर वृद्धि गर्नुपर्छ ।"

स्थानीय तहमा भएको प्राकृतिक स्रोतसाधनको उचित सदुपयोग गरी विकासनिर्माणका कार्य बढाउँदै जाँदा करको दर र दायरा वृद्धि गर्न सकिनेमा स्थानीय तहका जनप्रतिनिधिहरूको उहाँले ध्यानाकर्षण गराउनुभयो ।

स्थानीय तहको विकास, समृद्धि र समस्या समाधान गर्नका लागि सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय आवश्यक सहयोग र समन्वय गर्न तयार भएको स्मरण गराउँदै मन्त्री पण्डितले नेपालमा सङ्घीय व्यवस्था नयाँ भएकाले कार्यान्वयनमा कतिपय कठिनाइ आउनु स्वाभाविक भएको बताउनुभयो ।

वर्तमान सन्दर्भमा जिल्ला समन्वय समितिको भूमिका आवश्यक भएकाले समन्वय समितिको कामलाई थप प्रभावकारी बनाउने गरी सरकारले व्यवस्था गर्न लागेको जानकारी उहाँले गराउनुभयो ।

प्रतिनिधिसभाका सदस्य महेश बस्नेतले जिल्लासँग हरेक व्यक्तिको पहिचान जोडिएकाले जिल्ला समन्वय समिति आवश्यक भएको भन्दै यसको भूमिका र प्रभावलाई थप व्यवस्थित गर्नुपर्ने आवश्यकता औँल्याउनुभयो । उहाँले भन्नुभयो, "जिल्ला समन्वय समितिको भूमिका आत्मसात् गर्दै समन्वय समितिलाई थप अधिकार प्रदान गर्नुपर्छ ।"

जिल्ला समन्वय समिति भक्तपुरका प्रमुख नवराज गेलाले अनुगमन र समन्वयमा सीमित गरिएको निर्वाचित जनप्रतिनिधिमूलक जिल्ला समन्वय समितिलाई आगामी दिनमा थप जिम्मेवारी प्रदान गरी सशक्त र प्रभावकारी बनाउनुपर्नेमा सरकारको ध्यानाकर्षण गराउनुभयो ।

कार्यक्रममा चाँगुनारायण नगरपालिकाका प्रमुख सोमप्रसाद मिश्र, प्रदेशसभाका सांसद डा. राजेन्द्रमान श्रेष्ठ, जिल्ला समन्वय समितिका उपप्रमुख सरिता दाहाल लगायतले जिल्ला समन्वय समितिको भूमिका प्रभावकारी बनाउनुपर्नेमा जोड दिनुभयो ।

वताउँदै सवै नगरपालिकाहरुले समन्वय समितिसँग सहकार्य गरी अघि वढ्न आग्रह समेत गरे ।

कार्यक्रममा भक्तपुरको विकासका विरोधीहरुलाई लक्षित गर्दै सांसद वस्नेतले भने 'सम्मान गर्न सक्नुहुन्न भने विरोध पनि नगर्नुहोस र

त्यस्तै देशमा अत्याधिक रुपमा वढ्दै गईरहेको बलत्कार तथा अपराधिक कार्य प्रति चिन्तीत हुँदै अवका दिनमा त्यस्ता बलत्कार तथा अपहरणकारीलाई फाँसी दिन मिल्ने प्रकारको कानुन वनाई अघि बढ्नुपर्ने बताए ।

जिल्ला सभाको सफलताको शुभकामना दिंदै जिल्ला समन्वय समिति महासंघ नेपालका उपाध्यक्ष तथा जिसस नुवाकोटका प्रमुख सन्तमान तामाङ्गज्यूले स्थानीय तहलाई प्राप्त अधिकार संरक्षण गर्नु पहिलो कर्तव्य हुनेछ । यसका लागि संविधानले व्यवस्था गरेका संस्थाहरु क्रियाशिल र समन्वयात्मक ढङ्गबाट जिल्ला भित्रका साझा मुद्दाका लागि एकबद्ध हुन जरुरी छ भन्दै संविधानले परिकल्पना गरेको पिरामीड आकारको संघीयता अहिले छाता जस्तो भएकाले यसलाई समेलेर संघ/प्रदेश र स्थानीय तहले नागरीकहरुका मौलिक हकहरु परिचालनमा नीति तथा कार्यक्रमहरु बनाई एकत्रित भएर लाग्न गरुरी छ भन्नु भयो ।

# महासंघको पाँचौ कार्यसमितिको बैठक सम्पन्न



जि.स.स. महासंघ नेपालको यही २०७५ साउन ९ गते पाँचौं केन्द्रिय कार्यसमितिको बैठक सम्पन्न भयो । उक्त बैठक अध्यक्ष श्री सीता कुमारी सुन्दासज्यूको अध्यक्षतामा भएको थियो । बैठकमा महासंघका केन्द्रिय सदस्यहरु तथा प्रदेश प्रमुखज्यूहरुले आ-आफ्नो सुझाव तथा आवश्यकताबारे बोल्नु भएको थियो । उहाँहरुले आफुहरुलाई कार्य सम्पादनको तहमा ल्याउने क्रममा परेका कठिनाईबारे उल्लेख गर्नु भएको थियो । यस क्रममा विभिन्न प्रदेशमा एकै खालका कठिनाईहरु निम्न अनुसार रहेको पाइयो ।

- पदाधिकारीहरुको मर्यादाक्रम, सुविधा तथा क्षमता वृद्धिमा महासंघको सिंगो प्रयास आवश्यक रेहेको
- राष्ट्रिय भेला धेरै अगाडि गर्नुपर्ने, ढिलो भयो/प्रदेश कानुन बन्ने चरणमा महासंघको भूमिका र सहजिकरण खोजेको थियो ।
- राष्ट्रिय भेला आयोजना गर्दा मौसमको विचार गर्नुपर्ने तथा भाद्र महिनाको पहिलो हप्ता हुने प्रस्ताव राख्नु भएको थियो ।
- मौजुदा कार्य सम्पादन समितिमा सदस्यहरु बढाउने निर्णय गर्नु भएको थियो जसमा जिसस सिराहका उप-प्रमुख श्री सरोज कुमार यादव र भोजपुरकी जिसस सदस्य श्री सविना राईलाई चुनिएको थियो ।
- प्रदेश स्तरमा उप-प्रमुख र सदस्यको सरोकार चासोमा महासंघको अगुवाई नपुगेको गुनासो राख्नु भएको थियो ।

यसैगरी बैठकमा प्रदेश स्तरमा आ-आफ्नो प्रदेशमा के कस्तो गतिविधी (प्रगती, कमी कमजोरी तथा महासंघले गर्नुपर्ने भूमिकाकाबारे) जानकारी महासंघका प्रदेश प्रमुखहरु प्रदेश नं. १ प्रमुख श्री बबि चाम्लिङ्ग (खोटाङ्ग), प्रदेश नं. २ प्रमुख श्री सुरेश प्रसाद सिंह (महोत्तरी), प्रदेश नं. ३. प्रमुख श्री रघुनाथ खुलाल, (मकवानपुर), प्रदेश नं. ४. प्रमुख श्री बैन बहादुर क्षेत्री, (कास्की), प्रदेश नं. ५. प्रमुख श्री लक्ष्मण पराजुली (गुल्मी), प्रदेश नं. ७. जिसस सदस्य श्री टेक बुढा, (कैलाली), काभ्रे जिसस प्रमुख उद्धव के.सी. ले आ-आफ्नो धारणा राख्नुका साथै सुझावहरु पनि दिनु भएको थियो ।

# जिल्ला समन्वय समिति काठमाडौंको जिल्ला सभा सम्पन्न




२०७५ असार ३१ गते, माननीय उप-प्रधान एवं रक्षामन्त्री ईश्वर पोखरेलको प्रमुख आतिथ्यतामा जिल्ला समन्वय समिति काठमाडौंको दोस्रो जिल्लासभा सफलताका साथ सम्पन्न भयो । कार्यक्रममा विशिष्ट अतिथि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्री, काठमाडौं जिल्लाबाट प्रतिनिधित्व गर्नुहुने संघीय तथा प्रदेश सभाका सांसदहरु, जिसस भक्तपुर प्रमुख, उप-प्रमुख, महानगर र नगरपालिकाका प्रमुखहरु, उप-प्रमुखहरु, जिसस पदाधिकारीहरु प्र.जि.अ. र सुरक्षा निकाय प्रमुख, महासचिव, जि.स.स. महासंघ नेपाल, गैर सरकारी संघ संस्थाहरु, का.म.पा.का विभागिय प्रमुखहरु संचारकर्मी तथा अन्य विभिन्न कार्यालय प्रमुखहरुको उपस्थिति रहेको थियो ।

उक्त सभामा माननीय उप-प्रधान एवं रक्षामन्त्री ईश्वर पोखरेलले शुभकामना मन्तव्यमा वर्तमान संविधान र संघीयता कार्यान्वयनमा सबै निर्वाचित जनप्रतिनिधिहरुले आ-आफ्नो क्षेत्रबाट भूमिका निभाउनु पर्ने कुरा उल्लेख गर्दै राम्रा काम गर्न कसैलाई ऐन कानूनले नछेक्ने तर्क राख्दै संघीयता सबैका लागि नयाँ भएकाले यसमा को कति आवश्यक छ ? भन्ने विषय कार्य सम्पादन र नतिजाबाट देखिने हुनाले क्रियाशिल हुन सबैलाई आग्रह गरेका थिए । जिल्ला समन्वय समितिका उप-प्रमुखले स्वागत भाषणमै जिल्ला समन्वय समिति र सदस्यहरुको मर्यादाक्रम र सेवा सुविधाका विषयहरुको सकारात्मक समाधान आवश्यक रहेकोले उपस्थित विभागीय मन्त्री तथा प्रमुख अतिथिको ध्यानाकर्षण गराउनु भएको थियो । सभाको दुबै बन्दसत्रमा नीति कार्यक्रम छलफल र निर्णय भएको थियो ।

## जि.स.स. मकवानपुरद्वारा जिल्लाका १० वटै स्थानीय तहका पदाधिकारीहरु तथा कर्मचारीहरुको क्षमता अभिबृद्धि कार्यक्रम

जिल्ला समन्वय समितिका प्रमुख श्री रघुनाथ खुलालज्यूको अध्यक्षता सम्पन्न कार्याशालामा जिल्ला समन्वय समितिका उपप्रमुख श्री भगवति पुडासैनि र सदस्यज्यूहरुको पनि सहभागिता रहेको थियो । कार्यक्रमलाई ३ नं. प्रदेशका प्रमुख सचिव श्री रेश्मिराज पाण्डे, प्रमुख जिल्ला अधिकारी श्री चक्र बहादुर बुढा, जिल्ला समन्वय अधिकारी श्री नारायण प्रसाद मैनाली, सामाजिक विकास अधिकृत श्री रामकृष्ण थापा लगायतकाले विज्ञ तथा सहजकर्ताका भूमिका निर्वाह गर्नु भएको थियो । त्यसैगरी वि.के. महर्जन, ध्रुव बहादुर भजेल, शान्ता बराल लगातका विज्ञहरुले पनि कार्याशालका सहभागिहरुलाई सहजिकरण गर्नु भएको थियो ।

सेवा प्रवाह गर्ने कार्यलाई अझ सहज र सरल बनाउन सहयोग पुर्‍याउने उद्देश्यले संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले गत आर्थिक बर्षमा स्थानीय तहका निर्वाचित जनप्रतिनिधिहरु/ पदाधिकारीहरुको क्षमता अभिबृद्धिका लागि विभिन्न पांच किसिमका तालिमहरुको आयोजनाका लागि जिल्ला समन्वय समितिहरुलाई रकम निकासा पठाएको थियो । ती तालिमहरु मध्ये चार किसिमका तालिमहरु जिल्ला समन्वय समिति मकवानपुरले सम्पन्न गर्न सफल भएको छ । संचालित तालिमहरुमा १) दुई दिने योजना प्रक्रिया तथा बजेट तर्जुमा, २) तीन दिने एकीकृत सम्पत्ति कर, ३) तिन दिने न्यायिक समिति र दुई दिने खरिद तथा सार्वजनिक वित्त व्यवस्थापन सम्बन्धी कार्यशालाहरु रहेका थिए । चारै किसिमका तालिमहरुमा पालिकाहरुका प्रमुख, उपप्रमुख, कार्यपालिका सदस्येहरु र सम्बन्धित कर्मचारीहरुको उल्लेख्य सहभागिता थियो ।

कार्यक्रमहरु पालिकास्तर र जिल्लास्तरमा गरी सम्पन्न गरिएको थियो । जिल्लाका १० वटै पालिहरुमा संचालित चार किसिमका तालिमहरुमा २९६ जनाको सहभागिता थियो । सहभागिहरुले यस किसिमका क्षमता अभिबृद्धि कार्यक्रमहरु जनप्रतिनिधि र कर्मचारीहरु सबैलाई प्रत्येक बर्ष संचालन गर्नु पर्ने र विभिन्न विषयहरुमा पुनर्ताजगि तालिम, कार्याशाला गोष्ठीहरु राख्नु पर्ने सुझाव दिनु भएको छ ।

### दुई दिने योजना प्रक्रिया तथा बजेट तर्जुमा सम्बन्धी कार्यशाला

दुई दिने योजना प्रक्रिया तथा बजेट तर्जुमा सम्बन्धी कार्यशालाको जिसस प्रमुख श्री रघुनाथ खुलालको प्रमुख आतिथ्यता र पालिकाका अध्यक्षज्यूहरुको सभाध्यक्षतामा सम्बन्धित गाउँपालिकामा सम्पन्न भएको थियो । यो कार्यक्रम १० वटै पालिकाहरुमा सञ्चालन भएको थियो भने उक्त पालिकाहरुमा जम्मा २५६ जनाको सहभागिता रहेको थियो । जसमा ५९ जना महिला र १९७ जना पुरुषहरु थिए । सहभागिहरुलाई ३ नं. प्रदेशका प्रमुख सचिव श्री रेश्मिराज पाण्डे र प्रमुख जिल्ला अधिकारी श्री चक्र बहादुर बुढा, जिल्ला समन्वय अधिकारी श्री नारायण प्रसाद मैनालि, रामकृष्ण थापा, शान्ता बराल लगायतकाले सहजिकरण गर्नु भएको थियो ।



### तीन दिने एकीकृत सम्पत्ति कर सम्बन्धी कार्यशाला

थाहा नगरपालिका र ५ वटा गाउँपालिका ईन्द्रसरोवर, कैलाश, वकैया, भिमफेदी र राक्सिराङ्ग गाउँपालिकामा सञ्चालन भएको थियो भने उक्त गाउँपालिकाहरुमा जम्मा १३३ जनाको सहभागिता रहेको थियो । जिसस प्रमुख श्री रघुनाथ खुलालको प्रमुख आतिथ्यता र पालिकाका अध्यक्षज्यूहरुको सभाध्यक्षतामा संचालित कार्यक्रममा ३० जना महिला र १०३ जना पुरुषहरुहरुको सहभागिता थियो । सहभागिहरुलाई विज्ञ विके महार्जन, ध्रुव बहादुर भुजेल र जिल्ला समन्वय अधिकारी श्री नारायण प्रसाद मैनालीले सहजिकरण गर्नु भएको थियो ।





### दुई दिने खरिद तथा सार्वजनिक वित्त व्यवस्थापन सम्बन्धी कार्यशाला

दुई दिने खरिद तथा सार्वजनिक वित्त व्यवस्थापन सम्बन्धी कार्यशाला यहि २०७५ आषाढ २९ र ३० गते हेटौंडामा सम्पन्न भयो । ८ वटा पालिकाबाट ५ -५ जनाका दरले सहभागिहरु आएका थिए । जिल्ला समन्व्य समिति, मकवानपुरका प्रमुख श्री रघुनाथ खुलालज्यूको अध्यक्षतामा सम्पन्न उक्त कार्यक्रममा १० वटा पालिकाहरु मध्ये ८ वटा पालिकाहरुबाट ३७ जनाको सहभागिता रहेको थियो । जसमा ३ जना महिला र ३४ जना पुरुषहरु थिए । उक्त कार्यक्रममा वागमति गाउँपालिका र कैलाश गाउँपालिकाबाट सहभागिहरु उपस्थित हुन सकेका थिएनन् । कार्यक्रमका सहभागिहरुलाई पूर्व सचिव दुर्गानिधि शर्मा, पूर्व सह सचिव द्वारिका प्रसाद आचार्य र जिल्ला समन्वय अधिकारी नारायण प्रसाद मैनालिले सहजि करण गर्नु भएको थियो ।

### न्यायिक समितिका पदायिधकारीहरुलाई तीन दिने आवासीय प्रशिक्षण सम्पन्न

यस कार्यशालामा १० वटा गाउँपालिकाबाट न्यायिक समितिका ३९ जना पदाधिकारीहरुको सहभागिता रहेको थियो । जिल्ला समन्वय समिति, मकवानपुरका प्रमुख श्री रघुनाथ खुलालज्यूको अध्यक्षतामा ३ नं. प्रदेशका माननीय मुख्यमन्त्री डोरमणि पौडेलको प्रमुख आतिथ्यमा सम्पन्न उक्त कार्यक्रमलाई पूर्व न्यायाधीश फोरमका पूर्व न्यायाधीशहरुले सहजिकरण गर्नु भएको थियो । जसमा १८ जना महिला र २१ जना पुरुषहरु थिए । कार्यक्रमको समापनमा ३ नं. प्रदेशका प्रमुख सचिव श्री रेश्मिराज पाण्डेज्यूको प्रमुख आतिथ्यता रहेको थियो ।






## स्थानीय तहको सन्तुलित विकासकालागि जि.स.स. नै समन्वय कर्ता हो

राज्य संचालनको प्रक्रिया विधि सम्मत हुनुभनेको देशमा मानव अधिकार, वातावरण संरक्षण तथा प्राकृतिक स्रोत साधनको उचित व्यवस्थापन गरेर नागरिकलाई सुखी र संम्बृद्धि बनाउने हो । यो राजनितिक नारा नभएर संसारभर लोककल्याणकारी प्रति सरकारहरुले ध्यान पुऱ्याउनु पर्ने विषय हो ।

नेपालको राज्य संचालनको मूल स्रोत संविधान र त्यसले परिकल्पना गरेको संयन्त्रहरुले उच्चतम ज्ञान, सिप, योग्यता प्रदर्शन गरेर सहकारिता समन्वय तथा सहअस्तित्वको आधारमा नागरिकको पक्षबाट कामगरी सम्बृद्धि हासिल गर्नु पर्ने हो । यसका लागि राज्यको उपस्थिति र सामिप्यता भन्दै नेपालमा संघीयता लागु भएको छ । संघ, प्रदेश र स्थानीय तह गरी तीन तहमा राज्यशक्ति बाँडफाँड भएको छ । तर तीनै तहहरु मिलेर प्रभावकारी रुपमा सुशासनको प्रत्याभुती दिनु पर्नेमा त्यो हुन सकेको अवस्था छैन । व्यक्ति, दल वा गुटको राजनीतिले समग्र शासन प्रणालीमा समन्वय र सह अस्तित्वलाई ओझेलमा पारेको तथा आर्थिक स्रोत मात्र शक्ति हो भन्ने बुझाईले देशको सम्वृद्धि रनभुल्लमा छ । जि.स.स. महासंघ नेपाल यसलाई चिर्न चाहन्छ यसका लागि सबैतहका सरकारको सारथी हुन सक्छ ।




### जिससलाई भूमिकाविहीन बनाइएकोमा गुनासो

■ जिरी समाचारदाता

चरिकोट, साउन २४ गते । जिल्ला समन्वय समिति दोलखाका प्रमुख डबल पाण्डेले संविधानअनुरूप जिससको काम, कर्तव्य र अधिकार परिभाषित गर्नुपर्ने बताउनुभएको छ।

जिल्ला समन्वय समिति गठन भएको एक वर्ष पूरा भएको अवसरमा बिहीबार पत्रकार सम्मेलन गर्दै उहाँले भूमिकाविहीन जिसस खारेज गर्नुपर्ने तर्क गर्नुभयो।

"कि जिससलाई भूमिका प्रदान गर्नुपर्छ, नत्र खारेज गरिदिए हुन्छ," उहाँले भन्नुभयो, "भूमिका र जिम्मेवारी दिइए प्रदेश सरकारको मातहत बसेर भए पनि काम गर्न सकिन्छ।"

उहाँले नेपालको संविधानले जिससको काम, कर्तव्य र अधिकारअन्तर्गत सन्तुलित विकासका लागि प्रभावकारी अनुगमन र क्षमता विकासको काम गर्ने तथा सङ्घ, प्रदेश र स्थानीय तहबीचको समन्वय गर्ने व्यवस्था गरे पनि स्थानीय निकायले त्यसको बेवास्ता गरेको गुनासो गर्नुभयो।

उहाँले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा जिल्लाभित्र सरकारी तथा गैरसरकारी क्षेत्रबाट सञ्चालित विकासको अनुगमन, जिल्लाभित्रका नगरपालिका तथा गाउँपालिकाका जनप्रतिनिधिहरूको क्षमता विकासको लागि सङ्घ र प्रदेशसँग समन्वय गर्ने, स्थानीय तहहरूबीच कुनै विवाद भएमा समाधानका लागि समन्वय र सहजीकरण गर्ने, गैरसरकारी तथा निजी क्षेत्रसँग समन्वय गर्ने तथा आवश्यकताअनुसार स्थानीय तहहरूलाई सुझाव दिने कुरा उल्लेख गरिएको भए पनि धेरै कुरामा दोहोर अर्थ लाग्दा जिससको भूमिका प्रभावकारी हुन नसकेको प्रस्ट पार्नुभयो।

जिसस प्रमुख पाण्डेले सङ्घ र प्रदेशले कानुन बनाउँदा जिससलाई संविधानले प्रदान गरेको भूमिकालाई प्रभावकारी ढङ्गले लागू गर्नसक्ने किसिमको कानुन बनाउनुपर्ने धारणा व्यक्त गर्नुभयो।

*साभार : २०७५ साउन २५, गोरखापत्र दैनिक*









जिल्ला समन्वय समिति महासंघ नेपालको पाँचौं कार्यसमिति बैठक





जिल्ला समन्वय समिति भक्तपुरको दोस्रो जिल्ला सभामा सम्वोधनको क्रममा माननीय महेश बस्नेत तथा जिसस प्रमुख नवराज गेलाल



२०७५ भाद्र ७ गते जि.स.स. दोलखाको दोस्रो जिल्ला सभा गर्ने निर्णय गर्दै



प्रदेश नं. ३, मकवानपुरमा महासंघको दोस्रो बैठकको क्रममा

*सम्पादन : कृष्णचन्द्र न्यौपाने, सामग्री संकलन तथा लेआउट : दिनेश श्रेष्ठ*

**जिल्ला समन्वय समिति महासंघ नेपाल** Association of District Coordination Committees of Nepal (ADCCN)
☎: 977-15554081, 5529202 **Fax #** 977-1-5548469 Sanepa Mode, Lalitpur,
**E-mail :** addcn@addcn.org.np; adccn77@gmail.com **URL:** www.addcn.org.np